माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

ठाडोभाका संरक्षण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २०० | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. कार्यक्रम परिचय | गण्डकी प्रदेशमा प्रचलित गीतहरु मध्ये ठाडोभाकाको गीत अत्यन्त महत्वपुर्ण गीत हो। गण्डकी प्रदेशको लमजुङ जिल्लालाई उद्गम स्थल मानिएको ठाडोभाका गीतले गीतको माध्यमले एउटै गीतवाट धेरै कुराहरु चोटिलो, मार्मिक र प्रभावकारी रुपमा प्रस्तुत गर्दछ। ठाडोभाकाको गीत गाउदा पहिलो भागमा पृष्ठभूमि तयार गरिन्छ भने दोस्रो भागमा भन्न खोजेको कुरा चोटिलो र मार्मिक रुपमा प्रस्तुत गरिन्छ। धेरै वर्ष पहिले देखि गाउन प्रारम्भ भएको यो गीतलाई थप संरक्षण,प्रोत्साहन गर्न आवस्यक छ। गण्डकी प्रदेशको पहिचानको रुपमा रहेको अति महत्वपूर्ण ठाडो भाकाको गीत संरक्षणका लागि यो कार्यक्रम तर्जुमा गरिएको र कार्यक्रमलाई समयमै व्यवस्थित र प्रभावकारी रुपमा सम्पन्न गर्न यो मापदण्ड निर्माण गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | *ठाडोभाका गीतको* संरक्षणका लागि सहयोग पु-याउनु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास कार्यालय लमजुङ र प्रस्ताव स्वीकृत भएका संघ संस्था,कार्यालय एवम् निकायहरु। |
| ४. बजेट वाँडफाँट | क. ठाडोभाका गीत सम्बन्धी प्रशिक्षणः प्रशिक्षण,यातायात, दैनिक तथा भ्रमण खर्च, खाना/खाजा, प्रमाणपत्र, स्टेशनरी, हलभाडा,साउण्डसिष्टम एवम् प्रशिक्षण सञ्चालन एवम् व्यवस्थापन सम्बन्धित विभिन्न खर्च ।<br>ख. ठाडोभाका गीत प्रतियोगिता सञ्चालनः मुल्याङ्कन, यातायात, दैनिक तथा भ्रमण खर्च, खाना/खाजा,प्रमाणपत्र,स्टेशनरी,पुरस्कार,हलभाडा,साउण्डसिष्टम एवम् प्रतियोगिता सञ्चालनसँग सम्बन्धित विभिन्न खर्च ।<br>ग. बैठक व्यवस्थापन<br>घ. अनुगमन |
| ५. कार्यान्वयन प्रक्रिया | क. प्रस्ताव माग/ निवेदन संकलनः सार्वजनिक सूचना मार्फत *ठाडोभाका संरक्षण सम्बन्धी* कार्य गर्ने उदेश्यले प्रचलित कानुन वमोजिम स्थापना भएका र प्रशिक्षण एवम प्रतियोगिता कार्यक्रम सञ्चालन गर्न ईच्छुक निकायहरुसँग प्रस्ताव माग गर्ने । प्रस्ताव पेश गर्दा निम्न कागजातहरु पेश गर्नु पर्नेछः<br>• अनुसूची-३३ बमोजिमको प्रस्ताव र कार्यक्रमको लागत अनुमान ।<br>• प्रस्ताव पेश गर्ने कार्यालय, निकायको कार्यक्रम माग गर्ने निर्णय ।<br>• नविकरण सहितको दर्ता प्रमाणपत्र ।<br>• सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।<br>ख. **प्रस्ताव छनौट मुल्याङ्कन एवम् छनौट समिति** : कार्यक्रमका लागि पेश भएका प्रस्तावहरुको मुल्याङ्कन गरी कार्यक्रमका लागि अनुदान रकम सिफारिस गर्न सामाजिक विकास कार्यालयमा देहाय वमोजिमको सिफारिस समिति रहनेछ।<br>१) सम्बन्धित सामाजिक विकास कार्यालयको प्रमुख संयोजक<br>२) संवन्धित शिक्षा विकास तथा समन्वय इकाइको प्रमुख सदस्य<br>३) संयोजकले तोकेको संम्बन्धित विषयको विज्ञ सदस्य |

सचिव

माननीय बिन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

| | |
|---|---|
| | ४) सामाजिक विकास कार्यालयको लेखा सम्बन्धी काम गर्ने कर्मचारी सदस्य सचिव<br><br>ग. समितिले अनुसुची ३४ वमोजिम मुल्याङकनका आधारमा प्रस्ताव छनौट गर्ने<br>घ. समितिले कार्यक्रम कार्यान्वियनका लागि एक वा सो भन्दा बढी निकाय/ कार्यालयहरुको प्रस्ताव छनौट गरी कार्यान्वियनका लागि सिफारिस गर्न सक्नेछ।<br>ङ. **कार्यक्रम कार्यान्वयन**: ठाडोभाका संरक्षण कार्यक्रमका लागि प्रस्ताव स्वीकृत भएका कार्यालय/ निकायले कार्यक्रम कार्यान्वयन गर्ने ।<br>च. संस्था मार्फत कार्यक्रम सञ्चालन र कार्य सम्पन्न प्रतिवेदन तयारी र पेश । |
| ६. अपेक्षित प्रतिफल | *ठाडोभाका* संरक्षण गर्न सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | भुक्तानी मागका लागि पेश गर्नुपर्ने कागजातहरु:<br>कार्यसम्पन्न भए पश्चात समितिको खर्च अनुमोदन सहितको भुक्तानी माग गर्ने निर्णय<br>२. खर्चका बील भरपाईहरु<br>३. कार्य सञ्चालनसँग सम्बन्धित फोटो सहितको प्रतिवेदन<br>४. भुक्तानीका लागि स्थानीय तहको सिफारिस<br>५.कार्य सम्पन्न प्रतिवेदन आदि। |
| ८. अनुगमन | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, संवन्धित स्थानीय तह र सामाजिक विकास कार्यालय |

नि. सचिव

मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

अनुसुची- ३३

ठाडोभाका संरक्षण कार्यक्रम *लागि पेश गर्ने प्रस्तावको ढाँचा*

क) प्रस्ताव पेश गर्ने कार्यालय /निकायको विवरण

१. कार्यालय/निकायको नामः
२. जिल्लाः स्थानीय तहः वडा नं.
३. स्थापना मितिः
४. अध्यक्षको नामः मोवाइल नम्बरः
५. प्रस्तावित कार्यक्रमको नामः
६. कार्यक्रमको उद्देश्यः

७. सञ्चालन गर्ने कार्यक्रमहरुः
   क)
   ख)
८. कार्यक्रमबाट लाभान्वित हुने भौगोलिक क्षेत्रः

९. कार्यक्रमबाट लाभान्वित हुने समूदायः

१०. लाभान्वित हुनेको कुल सङ्ख्याः
११. कार्यक्रमको अनुमानित कुल लागतः

१२. कार्यालय/निकायको साझेदारी हुन सक्ने अनुमानित रकम ( कुल लागतको प्रतिसत):
१३. कार्यक्रम सञ्चालन सम्बन्धी यस पूर्वको अनुभव (ठाडोभाका संरक्षण सम्बन्धी सञ्चालन गरेका कार्यक्रमहरुको साल र विवरण)
   क) ख) ग)
   घ) ङ) च)

१४. कार्यक्रम सञ्चालनको अवधिः............................ देखि........................................ सम्म
१५. सञ्चालन गरिने कार्यक्रमको संक्षिप्त विवरण

१६. कार्ययोजना

पेश गर्ने संस्थाको अध्यक्ष

नाम थरः हस्ताक्षर संस्थाको छापः

मितिः

नि. सचिव

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

अनुसूची - ३४

ठाडोभाका संरक्षण कार्यक्रमका *लागि प्रस्ताव मूल्याङ्कनका आधारहरु*

| क्रस | विवरण | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | क्षेत्रगत रुपमा कार्यक्रम सञ्चालन अनुभव | ३० अंक | ठाडोभाका संरक्षण सम्बन्धी विभिन्न आ.ब.मा ३ पटक सम्म सञ्चालन गरेकोमा ३० अंक, २ पटकसम्म सञ्चालन गरेकोमा २५ अंक र सो भन्दा कम सञ्चालन गरेकोमा १५ अंक, |
| २ | संस्था दर्ता अवधि | ५ अंक | संस्था दर्ता अबधिको आधारमा प्रत्येक वर्षका लागि १ अंकका दरले बढीक ५ अंक |
| ३ | कार्यक्रमका लागि साझेदारी | १० अंक | २५ प्रतिसत भन्दा वढी साझेदारी भएमा १० अंक, २५ प्रतिसतसम्म साझेदारी भएमा ५ अंक र नभएमा अंक प्रदान नगर्ने |
| ४ | समग्र प्रस्ताव मूल्याङ्कन | ५ अंक | राम्रो भएमा — ५ अंक<br>सामान्य भएमा — २ अंक |
| | जम्मा | ५० अंक | |

नोटः कुल अंक मध्ये न्यूनतम २० अंक वा सो भन्दा बढी अंक प्राप्त गर्ने संस्थालाई कार्यालयले योग्यता सूचीका आधारमा कार्यक्रमका लागि छनौट गर्न सक्नेछ। अङ्क वरावर भएमा कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

नि. सचिव